मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(योजना तथा अनुगमन शाखा)

मन्थली,रामेछाप

बागमती प्रदेश, नेपाल

फोन.नः ०४८-५४०११२
०४८-५४०५३२

प. सं : ०८३/८४
च. नं : ६२९

सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशन मितिः २०८३/०७/०९

यस मन्थली नगरपालिका नगर कार्यपालिको कार्यालय मन्थली, रामेछापको चालु आ.ब. २०८३/०८४ मा जन सहभागितामा आधारित कार्यक्रम (नगरको ७० प्रतिशत र उपभोक्ताको जन सहभागिता ३० प्रतिशत) मा विनियोजित जम्मा रु. ७१,४२,८५८/ (एकहत्तर लाख बयालिस हजार आठ सय अन्ठाउन्न) बाट आयोजना माग गर्न चाहने उपभोक्ता समितिले देहायको शर्तमा आधारित रही सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आयोजना मागको लागी यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु**

क, यस शिर्षकको आयोजना मन्थली नगरपालिका भित्र उपभोक्ता समितिले प्रस्ताब गरे अनुसार कार्यान्वयन हुने छ ।

ख, उल्लेखित बजेट **सडक पूर्बाधार, वाल मैत्री पूर्बाधार, कृषि पूर्बाधार सिँचाई र खानेपानी पूर्बाधार** जस्ता क्षेत्रमा विनियोजन गरिने छ ।

ग, कार्यक्रम माग गर्दा आयोजनाको लागत अनुमान सहित उपभोक्ता समितिको बैठकको निर्णय र उपभोक्ता समितिले आयोजना मागको निबेदन र वडा कार्यालयको सिफारिस पेश गर्नु पर्ने छ ।

घ, पूर्बाधारजन्य कार्यक्रमको लागि प्राबिधिक लागत अनुमान आयोजना माग गर्दा नै पेश गर्नु पर्ने छ ।

ङ, उल्लेखित आयोजनाको छनौट मन्थली नगर कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम मात्र हुने छ ।

च, छनौट भएका उपभोक्ता समितिले आयोजना छनौट भएपछि आयोजनाको स्वीकृत रकमको ३० प्रतिशत नगदनै यस कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कलै भौचर पेश गरेपछि मात्र सम्झौता प्रक्रिया अगाडी बढाइने छ ।

छ, नगरपालिका अन्तरगत प्रत्येक वडामा आवश्यकताका आधारमा कुल लागत अधिकतम रु. ५ लाख र न्यूनतम रु. २ लाख सम्मका आयोजना लाई प्राथमिकता दिइने छ ।

ज, यस सम्बन्धी अन्य विषय नगरपालिकाको निर्णय बमोजिम हुने छ ।

०८३/६/९

मि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत